# एनएमबि लघुवित्त वित्तीय संस्था लि.
# NMB Laghubitta Bittiya Sanstha Ltd.

(National Level "D" Class Financial Institution Licensed by Nepal Rastra Bank)

Corporate Office: Pokhara 25, Kaski, Ph: 061-400427/400477, Fax: 061-400428

Email : info@nmbmicrofinance.com, Website : www.nmbmicrofinance.com


# Unaudited Financial Results (Quarterly)

## As at Ashad End (2079/03/32) of the Fiscal Year 2078/079

Rs in '000'

| SN | Particulars | This Quarter Ending | Previous Quater Ending | Corresponding Previous Year Quater Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.9)** | **6,104,682** | **6,229,386** | **5,459,203** |
| 1.1 | Paidup Capital | 655,863 | 655,863 | 539,805 |
| 1.2 | Proposed Bonus Share | - | - | - |
| 1.3 | Reserve & Surplus | 371,198 | 345,229 | 365,511 |
| 1.4 | Debenture & Bond | - | - | - |
| 1.5 | Borrowings | 3,003,833 | 3,142,420 | 2,795,616 |
| 1.6 | **Deposits (a+b)** | **1,971,586** | **2,005,677** | **1,673,809** |
| | a. Member | 1,971,586 | 2,005,677 | 1,673,809 |
| | b. Public | - | - | - |
| 1.7 | Proposed Dividend | 26 | 26 | - |
| 1.8 | Income Tax Liability | 4,253 | - | - |
| 1.9 | Other Liabilities | 97,923 | 80,172 | 84,462 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **6,104,682** | **6,229,386** | **5,459,203** |
| 2.1 | Cash & Bank Balance | 60,581 | 92,124 | 259,156 |
| 2.2 | Money at Call and Short Notice | 222,680 | 172,824 | 121,382 |
| 2.3 | Investments | 2,000 | 2,000 | 2,000 |
| 2.4 | Loans & Advances | 5,747,396 | 5,887,485 | 5,023,713 |
| 2.5 | Fixed Assets | 52,692 | 50,497 | 32,846 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 19,333 | 24,457 | 20,106 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quater Ending** | **Corresponding Previous Year Quater Ending** |
| 3.1 | Interest Income | 829,051 | 605,526 | 719,405 |
| 3.2 | Interest Expense | 387,657 | 268,442 | 249,079 |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **441,394** | **337,085** | **470,326** |
| 3.3 | Fees, Commission and Discount | 74,898 | 62,553 | 101,260 |
| 3.4 | Other Operating Income | 12,954 | 8,548 | 9,924 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **529,245** | **408,186** | **581,510** |
| 3.6 | Staff Expenses | 207,334 | 152,806 | 162,356 |
| 3.7 | Other Operating Expenses | 101,127 | 70,131 | 79,352 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **220,784** | **185,249** | **339,802** |
| 3.8 | Provision for Possible Losses (Net) | 17,472 | 17,711 | 24,948 |
| | **D. Operating Profit (C - 3.8)** | **203,312** | **167,538** | **314,855** |
| 3.9 | Non Operating Income/ (Expenses) - Net | (212) | (249) | 698 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **203,099** | **167,289** | **315,553** |
| 3.11 | Extraordinary Income/ (Expenses) - Net | - | - | |
| | **F. Profit before Bonus and Taxes (E+3.11)** | **203,099** | **167,289** | **315,553** |
| 3.12 | Provision for Staff Bonus | 20,310 | 16,729 | 31,555 |
| 3.13 | Provision for Tax | 54,837 | 45,168 | 85,199 |
| | **G. Net Profit/ Loss (F-3.12-3.13)** | **127,953** | **105,392** | **198,798** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 17.39% | 16.45% | 17.05% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 3.18% | 4.06% | 3.16% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 88.13% | 67.45% | 89.14% |
| 4.4 | Cost of Funds | 8.22% | 7.74% | 6.25% |
| 4.5 | CD Ratio (Calculated as per NRB Direction) | 299.91% | 301.80% | 308.85% |

**Note :**
1. The Unaudited Financial Figures may change as directed by Statutory Auditor/ Supervisory Authorities.
2. Previous Period Figures are regrouped or rearranged wherever necessary.
3. Loans and Advances are reported net of provisions where Gross amount to NPR 59,12,895.13 thousands.
4. The Company has made investments NPR 2 million in promoter shares of Nepal Finsoft Company Limited.
5. Income Tax Liability has been shown after netting of with advance tax amount.

## Interest Rate

| | |
|---|---|
| Deposit: 5.5% to Max 10.01% | Loan & Advance: 12% to Max 15% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,
## २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
# आ.व. २०७८/७९ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

**क**) यस एनएमबि लघुवित्त वित्तीय संस्थाको चौथो त्रैमासको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ । एनएमबि बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा रहेको यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पुँजी रु. ६५,५८,६२,८६२/- रहेको छ । यस वित्तीय संस्थामा एनएमबि बैंकको ५१ प्रतिशत, अन्य संस्थापक व्यक्तिको १९ प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत शेयर स्वामित्व रहेको छ । यस वित्तीय संस्थाको एनएमबि बैंक र एनएमबि क्यापिटलसँगको सम्बन्धित पक्षबीचका कारोबार निम्न बमोजिम छ ।

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | एनएमबि बैंकको लगानी | ३३,४४,९०,०५९.८१ |
| २ | एनएमबि बैंकबाट लिएको सापटी | १,२५,६२,१७,६९२.५० |
| ३ | एनएमबि बैंकलाई गरेको ब्याज भुक्तानी | ७,३८,६९,८३०.५४ |
| ४ | एनएमबि बैंकमा रहेको मौज्दात | १,३१,०७,८१४.२९ |
| ५ | एनएमबि क्यापिटललाई गरेको भुक्तानी | २,००,०००.०० |

**ख**) **प्रमुख वित्तीय अनुपातहरु** :

प्रति शेयर आम्दानीः रु.१९.५१ मूल्य आम्दानी अनुपातः रु.३८.४५ प्रति शेयर नेटवर्थः रु.१५६.६०

प्रति शेयर कुल सम्पत्तिको मूल्यः रु.९३०.७९ तरलता अनुपातः १०.७९%

२. **व्यवस्थापकिय विश्लेषण** :

**क**) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण** :

यस वित्तीय संस्थाले यस त्रैमासमा लक्ष्य अनुरुप व्यवसाय तथा आम्दानीमा हालको अवस्था अनुरुप सामान्य ह्रास भएको छ । सदस्य संख्या, समुह सदस्यहरुको निक्षेप तथा कर्जा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ब्याजदर लघुवित्त बजारको औषत दर भित्र नै कायम गरी ग्राहक सदस्यहरुलाई वित्तीय संस्थाको सेवामा आकर्षित गर्न सक्नु मुख्य सवल पक्ष रहेका छन् । यस त्रैमासिक अवधिमा वित्तीय संस्थाको कारोबार, मौज्दात, आम्दानी र तरलता लगायत केही शीर्षकमा नकारात्मक परिवर्तन देखिएको छ । साथै उचित व्यवस्थापन तथा सकारात्मक सोचले अगाडी बढ्दै जाँदा यस संस्थाले हालको परिस्थितिलाई पनि उचित हिसावले पुँजिकरण गर्दै लगेको छ । तरलता अभाव माझ पनि उपलब्ध स्रोत साधनको सही तवरले प्रयोग गर्दै विपन्न वर्गका ऋणीहरुको आवश्यकता पुरा गर्नलाई संस्था दृढ रहेको छ ।

**ख**) **आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** :

पोखरा महानगरपालिका वडा नं. २५ मिलनचोक, हेम्जा, कास्कीमा केन्द्रीय कार्यालय रहेको यस वित्तीय संस्थाले हिमाली, पहाडी तथा तराई क्षेत्रका ६८ जिल्लाहरुमा १४९ वटा शाखा तथा उपशाखाहरु संचालन गरेको यस वित्तीय संस्थाको देशभर शाखा सञ्चालन गर्ने रणनीति रहेको छ । यस वित्तीय संस्थाले देशका विकट हिमाली, पहाडी तथा तराई क्षेत्रमा बसोबास गर्ने करीब १,२०,९८४ सदस्यहरुलाई उहाँहरुको घरदैलोमा बचत, कर्जा, वीमा जस्ता वित्तीय सेवा प्रदान गर्नुका साथै विभिन्न संघ सस्थाहरुसँग सहकार्य गरी स्थानीय स्तरमा सामाजिक कार्यमा हौसला प्रदान गर्ने तथा सहजकर्ताको भुमिका निर्वाह गर्ने कार्य गरिरहेको छ । साथै आगामी दिनमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुबिधाको बिस्तार गर्ने लक्ष्य रहेको छ । यस वित्तीय नविनतम प्रबिधिहरुको प्रयोग गरी छिटो, छरितो र विश्वसनीय एव दीगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रही संस्थाले भविष्यमा नेपालकै एक सबल, प्रतिष्ठित तथा अब्बल लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुने लक्ष्य राखेको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध पनि रहेको छ ।

(**रु हजारमा**)

| क्र.स | विवरण | आ.व २०७७/७८ आषाढ मसान्त | चालु आ.व २०७८/७९ आषाढ मसान्त | वृद्धी प्रतिशत |
|---|---|---|---|---|
| १ | कुल सदस्य सङ्ख्या | १,०८,२३३ | १,२०,९८४ | ११.७८ % |
| २ | कुल ऋणी सङ्ख्या | ४८,६९३ | ४३,२२२ | (११.२३ %) |
| ३ | शाखा सङ्ख्या | ११७ | १४९ | २७.३५ % |
| ४ | कुल लगानी रकम | ५१,६९,५३९ | ५९,१२,८९५ | १४.३७ % |
| ५ | कुल बचत रकम | १६,७३,८०९ | १९,७१,५८६ | १७.७९ % |

**ग**) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण**:

बैकिङ्ग क्षेत्रमा लगानियोग्य रकमको अभाव तथा बढ्दो निक्षेपदरका कारण संस्थाले उचित परिमाण तथा दरमा कर्जा प्राप्त गर्दा कठिनाई भएको कारण अपेक्षित रुपमा कर्जा लगानी गर्न नसक्नुका साथै तरलतामा आएको संकुचन र कर्जा सापटको व्याजदरमा भएको उतार चढावका कारण संस्थाको नाफा वा नगद प्रवाहमा असर पारेको छ । बढ्दो व्याजदर कारण नाफामा प्रतिकुल प्रभाव परी विभिन्न कार्यक्रमहरु समेत प्रभावित भएको छ । तथापि संस्थाले तय गरेको कुशल कार्यनीतिका कारण गम्भीर समस्या ब्यहोनु परेको छैन ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

क) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध, आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको हालसम्म संस्थालाई कुनै पनि जानकारी प्राप्त भएको छैन ।

ख) वित्तीय संस्थाले बादी नेपाल सरकार प्रतिवादि गंगा कुमार प्रधान समेत रहेको बैकिङ्ग कसुर सम्बन्धी मुद्दा जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ्गमा दर्ता गरी उच्च अदालत बिराटनगर अन्तर्गत बाणिज्य इजालस इलाममा विचाराधिन अवस्थामा रहेको छ । यसैगरी यस वित्तीय संस्थाको कर्मचारी कल्पना गुरुङलाई बैकिङ्ग कसुर सम्बन्धी मुद्दा जिल्ला प्रहरी कार्यालय मनाङमा दर्ता गरी उच्च अदालत कास्की, पोखरामा कारवाहीको अवस्थामा रहेको छ । संस्थाबाट बरखास्तीमा परेका कर्मचारी ध्रुव प्रसाद सुवेदीले संस्था बिरुद्ध दायर गरेको मुद्दा श्रम अदालत काठमाडौंबाट फैसला भईसकेको छ तर सो फैसलाको पुर्णपाठ आउन बाँकी रहेको छ । यसै सम्बन्धमा जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ्गमा कमसल धितो मा ऋण प्रवाह गर्ने कार्यमा सम्मिलित निज सुवेदी तथा सो कार्यमा संलग्न अन्य ऋणी सदस्यहरु उपर बैंकिङ्ग कसुर मुद्दा दायर भएको छ ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारबाट यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

(ख) यस त्रैमासको शेयर सम्बन्धी विवरण :

अधिकतम मूल्यः रु. ९२५ न्यूनतम मूल्यः रु.६६३ अन्तिम मूल्य= रु.७५०.१०

कारोबार भएको कुल दिनः ६४ दिन कारोबार संख्याः ८९,८२७ कित्ता

५. **समस्या र चुनौती** :

क) सीमित वित्तीय श्रोत, बजारमा तरलताको समस्याका कारण सापटीमा उच्च ब्याजदार, लघुवित्त संस्थाहरुमा अनुपालनाको समस्या, वित्तीय साक्षरतामा कमी, दक्ष जनशक्तिको अपर्याप्तता, दक्ष कर्मचारीलाई संस्थामा जोगाई राख्नु, बढ्दो संचालन लागत तथा घट्दो खुद व्याजदर अन्तर आदिका कारण कार्यक्रम विस्तार गर्नमा चुनौती रहेको छ ।

ख) ग्रामीण क्षेत्रमा वित्तीय सेवा सञ्चालन गर्नको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरु उपलब्ध नहुदा सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्नमा चुनौती रहेको छ ।

ग) एउटै ग्राहक विभिन्न लघुवित्त वित्तीय संस्थाहरुमा आवद्ध भएको हुनाले ग्राहकसंगको कारोवारमा दोहोरोपना, सदस्यहरुमा अधिक ऋणभार, अस्वस्थ प्रतिस्पर्धा को समस्या दिनानुदिन बढ्दै गएकोले कर्जा लगानीमा गुणस्तरीयता कायम राख्न चुनौती रहेको छ ।

**व्यवस्थापनको रणनीति** : उल्लेखित चुनौतीहरुको सामना गर्दै देशका सबै जिल्लाहरुमा थप शाखा विस्तार गर्ने, विभिन्न कर्मचारी तालिम संचालन गरी क्षमता अभिवृद्धि गर्ने, प्रभावकारी ढंगले जनशक्ति व्यवस्थापन गर्ने, प्रतिस्पर्धात्मक क्षमताको विकाश गर्दै जाने, विवेकशिल जोखिम व्यवस्थापनको नितीलाई अंगिकार गर्दै जाने, उत्पादनमुलक र कृषि क्षेत्रमा आधारीत कर्जालाई प्राथमिकता दिने, खर्चमा मितव्ययीता अपनाउने, वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घरपरिवारमा वित्तीय सेवा पुऱ्याउने, केन्द्र व्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने, निक्षेप वृद्धी तथा परिचालनलाई विशेष महत्व दिने, ग्राहक सदस्यहरुलाई प्रदान गर्ने सबै प्रकारका सेवामा प्रविधीको उच्च प्रयोग गर्दै ग्राहक संरक्षणमा विषेश ध्यान दिदै वित्तीय संस्थासँग रहेका स्रोत तथा साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टिको स्तर बृद्धिको साथै संस्थाको मुनाफा वृद्धि कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ ।

६. **संस्थागत सुशासन** :

वित्तीय संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु र पदपुर्ति समिति, जोखिम व्यवस्थापन बिभाग, आन्तरिक लेखापरीक्षण विभाग जस्ता स्थायी संरचनाको माध्यमबाट समय सापेक्ष नीति नियमहरु परिमार्जन गर्ने तथा सोको कार्यान्वयन गरि संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन वित्तीय संस्था प्रतिबद्ध छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य तथा पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।